# टिप्पणी

## जन-संख्या र जन-घनत्व

जनगणनाको मुख्य उद्देश्य निर्धारित सीमाना भएको क्षेत्रको निर्धारित समयमा जम्मा कति मानिस थिए त्यसको निर्णय गर्नु हो । त्यस निर्धारित सीमाना भएको क्षेत्रमा दश बर्षको अन्तरालमा जनसंख्यामा के कस्तो किसीमको अदल-वदल हुन गयो त्यसको तुलनात्मक अध्ययन गर्न १०।१० बर्षको अन्तरमा जनसंख्या गर्ने चलन भएको  हो । जिल्लाको सीमाना प्रशासकिय दृष्टिकोणबाट समय-समयमा घटबढ भै रहने हुनाले ०९।०११ को जनगणनामा सामाजिक, आर्थिक, भौगोलिक तथा प्रशासकिय दृष्टिकोणबाट जिल्लाको सीमाना छुटयाईएको थियो । तर ०९।०११ को जनगणनाको योजनामा राजनैतिक उथल-पुथलले गर्दा जिल्लाको सीमाना छुट्याउनमा त्यति विचार पुग्न सकेन जति कि पुग्नु पर्ने थियो । यस जनगणनामा केहि क्षेत्रको सीमानामा उपरोक्त कारणहरुवाट अलि अलि अदल-वदल गर्नु पर्‍यो । चिसापानीका लामडाडा आदि ६ थूमको २६९ वर्गमील क्षेत्रफल र जम्मा जनसंख्या ४१७२० झिकी धादिंग जिल्लामा मिलाईएको छ । त्यस्तै वागलुंग जिल्लाको  छार्का भोटको क्षेत्रफल १८५६ वर्गमील र जम्मा जनसंख्या १०६२ झिकी जुम्ला जिल्लामा मिलाईएको छ । पुन डोटी र दैलेख जिल्लाको क्षेत्रफल एवं जनसंख्या मध्ये ५८५ वर्गमील क्षेत्रफल र १५२५२० जनसंख्या झिकी अछाम जिल्ला वनाइएको छ । निर्धारित सीमानामा जनसंख्याको कति चाप छ त्यसलाई जनघनत्व भन्दछन । दुइ गणनाको बिचमा विभिन्न प्रदेशको जनघनत्वमा कस्तो किसिमको अदल-वदल हुन गएकोछ यो निम्न तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं १: - प्रदेश अनुसार क्षेत्रफल उपस्थित जन-संख्या र जन-घनत्व ०९।०११ र २०१८ ।**

| प्रदेश | क्षेत्रफल | जनसंख्या | | जन-घनत्व | |
|---|---|---|---|---|---|
| | | २००९।०११ | २०१८ | २००९।०११ | २०१८ |
| **नेपाल** | ५४३६२ | ८२५६६२५ | ९४१२१९६ | १५२ | १७३ |
| पूर्व पहाड | १०११४ | १७०८८१६ | १८८६७२२ | १६९ | १८६ |
| पूर्व भित्री मधेश | १८२९ | १८९२२८ | १९३६६६ | १०३ | १०६ |
| पूर्व तराई (महोत्तरी वाहेक) | ४२९६ | १३८७६१३ | १७२५०६४ | ३२३ | ४०२ |
| महोत्तरी | ८१९ | ४१८४३६ | ४८८२१८ | ५११ | ५९६ |
| काठमाडौं (उपत्यका) | २१८ | ४१०९९५ | ४५९९९ | १८८५ | २११० |
| पश्चिम पहाड | ११११४४ | १७५४१२३ | १९४६५०२ | १५७ | १७५ |
| सुदूर पश्चिम पहाड | १८९०२ | १५१६७७४ | १६९८०८३ | ८० | ९० |
| मध्य भित्री मधेश | २१७६ | १९७९५७ | २४४२३६ | ९१ | ११२ |
| पश्चिम भित्री मधेश | ७१४ | ८९३१५ | ९८६०७ | १२५ | १३८ |
| पश्चिम तराई | १३०७ | ३४८१७९ | ४००३५७ | २६६ | ३०६ |
| सुदूर पश्चिम तराई | २८४३ | २३५१८९ | २७१५५१ | ८३ | ९५ |

उपरोक्त तालिकाबाट नेपाल अधिराजयको सरदर जन-घनत्व २००९।०११ मा १५२ व्यक्ति प्रति वर्गमील थियो र यस गणनामा १७३ व्यक्तिले प्रति वर्गमीलमा बसोबास गरीरहेको पाइन्छ ।  भौगोलिक दृष्टिकोणबाट नेपाललाई पहाड खण्ड, भित्री मधेश, तराई र काठमाडौं उपत्यका समेत गरी चार भागमा मोटा मोटी वाड्न सकिन्छ । २००९।०११ को जनसंख्या अनुसार जम्मा जनसंख्याको ६५% व्यक्ति पहाड खण्डमा थिए र यसको

जन-घनत्व १३३ व्यक्ति प्रति वर्गमील परेको थियो । यस जन-गणनामा नेपाल अधिराज्यको जम्मा जनसंख्याका ५८.७ प्रतिशत पहाड खण्डमा र जन-घनत्व चाही १३८ व्यक्ति प्रति वर्गमीलमा पर्न आएको छ । सम्पूर्ण अधिराज्यको क्षेत्रफलको ७३.८ प्रतिशत यधपि पहाड खण्ड नै छ तथापि भोट, लेक कछाड खण्ड सतत हिउँले ढाकेको क्षेत्र इत्यादि पनि बसोबास गर्न नसक्ने क्षेत्रको भएको हुनाले यसको जनघनत्व कम हुनु स्वभाविक छ ।

नेपाल अधिराजयको कुल क्षेत्रफलको १७ प्रतिशत क्षेत्र तराइ खण्डमा छ र यसको जन-संख्या जम्मा जन-संख्याको ३०.७ प्रतिशत छ । २००९|०११ को जनगणना अनुसार जम्मा जनसंख्याको २९ प्रतिशत जनसंख्या यस खण्डको थियो । २००९|०११ मा यस खण्डमा जन-घनत्व २५८ व्यक्ति प्रति वर्गमीलमा पर्न गएको र यस गणना अनुसार ३११ व्यक्ति प्रति वर्गमीलमा पर्न आएको छ ।

सम्पूर्ण नेपाल अधिराजयको क्षेत्रफलको ८.७ प्रतिशत क्षेत्र भित्री मधेशमा पर्दछ । २००९|०११ को गणना अनुसार जम्मा जनसंख्याको ६ प्रतिशत जनसंख्या यस खण्डको थियो र जन-घनत्व चाही १०५ व्यक्ति प्रति वर्गमील थियो । यस गणना अनुसार जम्मा जन-संख्याको ५.७ प्रतिशत जनसंख्या यस क्षेत्रको छ र यसको जन-घनत्व ११३ व्यक्ति प्रति वर्गमीलमा पर्न आएको छ ।

काठमाडौं उपत्यकाको कुल क्षेत्रफल नेपाल अधिराजयको क्षेत्रफलको ०.४ प्रतिशत मात्र छ । २००९|०११ को जनगणना अनुसार जम्मा जनसंख्याको पाँच प्रतिशत जनसंख्या र जन-घनत्व १८८५ व्यक्ति प्रति वर्गमील थियो । यस गणना अनुसार यधपि जम्मा जनसंख्याको ४.९ प्रतिशत मात्र जनसंख्या भएको पाईन्छ तापनि यसको जन-घनत्व २११० व्यक्ति प्रति वर्गमीलमा पर्न आएको छ ।

जनसंख्या अनुसार जिल्लाको क्रमिक स्थान निर्धारण गर्दा सवै भन्दा वढी जनसंख्या भएको जिल्ला महोत्तरी देखिन्छ । २००९|०११ मा पनि महोत्तरीको स्थान प्रथम नै थियो । दोश्रो स्थान पूर्व पहाडको तेह्रथूम जिल्लाको छ । २००९|०११ मा यसको स्थान तेश्रो थियो । सुदूर पश्चिम पहाडको सल्यान जिल्लाले २००९|०११ मा दोश्रो स्थान प्राप्त गरेको थियो । तर यस गणनामा तेश्रो स्थान प्राप्त गरेको पाइन्छ । पश्चिम पहाडको स्याङ्गजा जिल्ला २००९|०११ र २०१८ मा समेत चौथा स्थानमा नै छ । २००९|०११ मा सवैभन्दा कम्ती जनसंख्या भएको मध्य भित्री मधेशको नवलपुर जिल्लाले यस गणनामा पनि अन्तिम स्थान प्राप्त गरेको छ ।

## शहर र गाउँ

नेपाल अधिराज्य पूर्णत ग्राम प्रधान राष्ट छ । शहरको संख्या र जन-संख्या अरु अरु विकसित देशको तुलनामा नगन्य छ । शहर पाँच हज्जार र सो भन्दा वढी जन-संख्या केन्द्रित भएको शहरी वातावरण,जस्तो हाई स्कुल, कलेज,अडडा अदालत, विभिन्न कार्यालयहरु, बजार, संचार व्यवस्था, मील फ्याक्टरी आदि भएका क्षेत्रलाई शहरी क्षेत्र मानिएको छ ।

प्रदेश अनुसार शहर र ग्रामको स्थिति तलको तालिकाबाट स्पष्ट हुनसक्त छ ।

तालिका नं २ :- शहर र ग्रामको उपस्थित जन-संख्या प्रदेश अनुसार ।

| प्रदेश | संख्या | | उपस्थितजनसंख्या | | प्रदेशको जनसंख्याको प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | शहर | ग्राम | शहर | ग्राम | शहर | ग्राम |
| नेपाल | १६ | २८४४६ | ३३६२२२ | ९०७६७७४ | ३.६ | ९६.४ |
| पूर्व पहाड | १ | ५७१३ | ५६८८ | १८८१०३४ | ०.३ | ९९.७ |
| पूर्व भित्री मधेश | | १०४१ | | १९३६६६ | | १००.० |
| पूर्व तराई | ७ | ३५९८ | ८६०७६ | २१२७२०६ | ३.९ | ९६.१ |
| काठमाडौं उपत्यका | ५ | १०६१ | २१८०९२ | २४१८९८ | ४७.४ | ५२.६ |
| पश्चिम पहाड | २ | ७४२४ | १०५४९ | १९३५९५३ | ०.५ | ९९.५ |
| सुदूर पश्चिम पहाड | | ५१८२ | | १६९८०८३ | | १००.० |
| मध्य भित्री मधेश | | १४१३ | | २४४२३६ | | १००.० |
| पश्चिम भित्री मधेश | | ४२२ | | ९८६०७ | | १००.० |
| पश्चिम तराई | | १५३५ | | ४००३५७ | | १००.० |
| सुदूर पश्चिम तराई | १ | १०५७ | १५८१७ | २५५७३४ | ५.८ | ९४.२ |

## नर नारी

शारीरिक विभिन्नताबाट मानिसलाई नर नारीमा विभाजित गरिन्छ । देशको जम्मा जन-संख्या नर नारी कति कति छन भन्ने कुराको महत्व सामाजिक पुनर्गठनको योजनामा ठूलो छ । यस गणनामा १०० नारीमा ९७ नर पर्न आएका छन् । उपस्थित नर नारीको अनुपात दुई गणनामा कस्तो किसिमको छ भन्ने कुरा तलको तालिकाले स्पष्ट गर्दछ ।

तालिका नं ३ :- नर नारीको अनुपात २००९।०११ र २०१८

| प्रदेश | अनुपात (नर नारी) प्रतिशतमा | |
|---|---|---|
| | २००९।०११ | २०१८ |
| नेपाल | ९६.८ | ९७.१ |
| पूर्व पहाड | ९३.६ | ९३.७ |
| पूर्व भित्री मधेश | ९४.८ | ९३.९ |
| पूर्व तराई (महोतरी वाहेक) | १००.१ | १०३.० |
| महोतरी | ९४.८ | ९७.६ |
| काठमाडौं उपत्यका | १००.९ | १०३.२ |
| पश्चिम पहाड | ९२.९ | ९१.७ |
| सुदूर पश्चिम पहाड | ९७.६ | ९५.६ |
| मध्य भित्री मधेश | १००.८ | १०२.६ |
| पश्चिम भित्री मधेश | ९९.२ | ९९.६ |
| पश्चिम तराई | १०३.१ | १०३.७ |
| सुदूर पश्चिम तराई | १०९.६ | १०९.४ |

उपरोक्त तालिकामा नारीको सवभन्दा कम्ती र बढी संख्या क्रमश : सुदूर पश्चिम तराई र पश्चिम पहाडमा छ । काठमाडौं उपत्यका देशको राजधानी भएकोले देशको विभिन्न भागबाट जीविको पार्जनको निमित्त नरहरु आउदै गरेकोले काठमाडौंमा नारीको भन्दा नर विशेष संख्यामा हुनु स्वभाविक छ ।

सुदूर पश्चिम तराईमा यो अनुपात सव भन्दा वढी भएको कारण अरु जिल्लाबाट खासगरी डोटीबाट नयाँ वसोवास गर्ने उद्देश्यले नरहरु आएकोले हुनु पर्दछ । दुई गणनाको प्रदेश अनुसार नर नारीको प्रतिशत - वितरण निम्न तालिकाबाट देखाईएको छ ।

तालिका नं. ४:- नर नारीको प्रतिशत वितरण प्रदेश अनुसार - २००९।०११ र २०१८

| प्रदेश | जम्मा | २००९।०११ | | २०१८ | |
|---|---|---|---|---|---|
| | | नर | नारी | नर | नारी |
| नेपाल | १००.० | ४९.२ | ५०.८ | ४९.३ | ५०.७ |
| पूर्व पहाड | १००.० | ४८.३ | ५१.७ | ४८.२ | ५१.८ |
| पूर्व भित्री मधेश | १००.० | ४८.७ | ५१.३ | ४८.४ | ५१.६ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १००.० | ५०.० | ५०.० | ५०.७ | ४९.३ |
| महोत्तरी | १००.० | ४८.६ | ५१.४ | ४९.३ | ५०.७ |
| काठमाडौं उपत्यका | १००.० | ५०.३ | ४९.७ | ५०.७ | ४९.३ |
| पश्चिम पहाड | १००.० | ४८.१ | ५१.९ | ४७.८ | ५२.२ |
| सुदूर पश्चिम पहाड | १००.० | ४९.३ | ५०.७ | ४८.८ | ५१.२ |
| मध्य भित्री मधेश | १००.० | ५०.२ | ४९.८ | ५०.६ | ४९.४ |
| पश्चिम भित्री मधेश | १००.० | ४९.८ | ५०.२ | ४९.२ | ५०.८ |
| पश्चिम तराई | १००.० | ५०.७ | ४९.३ | ५०.९ | ४९.१ |
| सुदूर पश्चिम तराई | १००.० | ५२.३ | ४७.७ | ५२.२ | ४७.८ |

उपरोक्त तालिकामा उपस्थित जन-संख्यामा सुदूर पश्चिम तराई, पश्चिम तराई, काठमाडौं उपत्यका, महोत्तरी वाहेक पूर्वी तराई तथा मध्ये भित्री मधेशमा नारी भन्दा नरको संख्या बढी देखिन्छ । अरु प्रदेशमा नारीको संख्या वढी छ ।

नर भन्दा नारीको संख्यामा घटी बढी भएको खण्डमा सर्वप्रथम वैवाहिक सम्वन्धमा घेरै असर पर्न जान्छ । जुन क्षेत्रमा नारीको संख्या वढी हुन्छ त्यहाँ नारीको अभिभावकहरुले प्रचुर मात्रामा दुलाहालाई दाईजो दिनु पर्दछ । आर्थिक दवावमा परेका परिवारहरुमा विवाहको उमेर नाघिसके पछि पनि दाईजाको समस्याले नारीको विवाह हुन गाह्रो पर्न जान्छ । नारी संख्याको आधिक्यको प्रतिक्रिया वहु विवाह प्रथाको प्रचलनमा हुन्छ । नारी माथि सामाजिक प्रतिवन्ध नारीको संख्यामा घटी-बढी माथि निर्भर हुन्छ ।

## विभिन्न धर्मावलम्बी

मानिसले लिएको मत- सनातन (हिन्दु) वौद्ध, इस्लाम आदिलाई धर्म भनि परिभाषा गरिएको हो । तर एक धर्ममा विभिन्न सम्प्रदाय पनि पाईन्छन । जस्तो हिन्दु धर्ममा शैव, वैष्णव इत्यादि, वौद्ध धर्ममा हीनयान, महायान, वज्रयान, इस्लाममा सीया र सुन्नी सम्प्रदाय हुन्छन । यी सम्प्रदायहरुको मूल धर्म मात्र गणनामा लेख्ने आदेश दिइएको थियो । २००९।०११ को गणनामा पनि धर्मको परिभाषा २०१८ हेर्ने गरिएको थियो ।

नेपाल अधिराज्यमा धर्म सम्वन्धी वाद-विवाद वा क्रान्ति भएको छैन । सवैले एक अर्काको धर्मलाई श्रद्धाका दृष्टिले मानि आएका छन् । खास गरी यहाको संस्कृतिमा कतिपय ठाउँमा हिन्दुधर्म र वौद्ध धर्म यस किसिमसँग परस्परमा मिसिएका छन् कि छुट्याउनलाई गाह्रो पर्दछ । तसर्थ जन्मदा र मर्दा अपनाइएको रीति-स्थितिबाट धर्मको निश्चय गर्ने भनि गणकहरुलाई आदेश दिइएको थियो ।

२०१८ को गणना अनुसार सम्पूर्ण अधिराज्यमा ८७.७ प्रतिशत हिन्दू, ९.२ प्रतिशत बौद्ध, ३.० प्रतिशत इस्लाम धर्मालम्बी र ०.१ प्रतिशत धर्म खुल्न नआएका व्यक्तिहरु छन् । २००९।०११ मा ८८.९ प्रतिशत सनातन धर्मालम्बी, ८.६ प्रतिशत बौद्ध र ३.५ प्रतिशत इस्लाम धर्मालम्बी छन् ।

प्रदेश अनुसार दुई गणना कालमा बिभिन्न धर्मालम्बीको रुप निम्न तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका नं ५:- बिभिन्न धर्मालम्बीहरु (प्रतिशतमा) प्रदेश अनुसार २००९।०११ र २०१८ ।**

| धर्म | | २००९।०११ | | | २०१८ | | | | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | हिन्दु | बौद्ध | इस्लाम | जम्मा | हिन्दु | बौद्ध | इस्लाम | |
| | | | | | | | | | |
| पूर्व पहाड | १००.० | ८१.७ | १८.३ | – | १००.० | ८१.९ | १८.० | – | ०.१ |
| पूर्व भित्री मधेश | १००.० | ८४.५ | १५.५ | – | १००.० | ८३.९ | १६.१ | – | – |
| पूर्व तराई (महोत्तरी वाहेक) | १००.० | ९१.१ | ०.९ | ८.० | १००.० | ९०.० | ०.९ | ८.९ | ०.२ |
| महोत्तरी | १००.० | ९०.२ | १.६ | ८.२ | १००.० | ८९.२ | १.८ | ९.० | – |
| काठमाडौं उपत्यका | १००.० | ७५.७ | २३.९ | ०.३ | १००.० | ८०.७ | १८.८ | ०.२ | ०.३ |
| पश्चिम पहाड | १००.० | ९१.७ | ८.० | ०.३ | १००.० | ८४.६ | १५.१ | ०.३ | – |
| सुदूर पश्चिम पहाड | १००.० | ९९.२ | ०.८ | – | १००.० | ९९.१ | ०.९ | – | – |
| मध्य भित्री मधेश | १००.० | ५८.४ | ४१.६ | – | १००.० | ६७.१ | ३२.७ | ०.१ | ०.१ |
| पश्चिम भित्री मधेश | १००.० | ९८.९ | ०.१ | १.० | १००.० | ९८.७ | – | १.३ | – |
| पश्चिम तराई | १००.० | ८८.४ | ०.१ | ११.५ | १००.० | ८७.१ | ०.१ | १२.७ | ०.१ |
| सुदूर पश्चिम तराई | १००.० | ९२.८ | – | ७.२ | १००.० | ९१.५ | – | ८.५ | – |

उपरोक्त तालिका अनुसार २००९।०११ को जन गणना अनुसार बिभिन्न धर्मालम्बीको प्रतिशत बिवरण खासगरी पश्चिम पहाडमा हिन्दू धर्मालम्बी ९१.७ प्रतिशत र बौद्ध ८.० प्रतिशत मात्र थियो । तर २०१८ मा ८४.६ प्रतिशत हिन्दू १५.१ प्रतिशत बौद्ध धर्मालम्बी देखिन आएका छन् । हिन्दू र बौद्ध धर्म छुट्याउन गाह्रो परेको कुरा माथि उल्लेख भैसकेको छ । हिन्दूहरुले पनि बौद्ध धर्म वमोजिम पूजा रीति-थितिहरु अपनाइएका र बौद्धहरुले पनि हिन्दूहरुको रीतिथिति अपनाइ सकेकोले विभिन्न धर्मावलम्वीहरुको प्रतिशत विवरण कही कही घटी वढी भएको देखिन्छ । उपरोक्त कारणले गर्दा अव हुने गणनामा पनि यस किसिमको धट वढ हुने सम्भावना हुन सक्दछ ।

## मातृभाषा

व्यक्तिले बोली फुटे देखि बोल्ने गरि आएको भाषालाई मातृभाषा भनि परिभाषा गरिएको छ । बोली नफुटेका बालक र लाटा-लाटीको भाषा लेख्दा आमाले जाहानमा जे भाषा वोल्दै गरेको छ सोहि भाषा लेख्न निर्देशन दिइएको थियो । यस्तै परिभाषा र निर्देशन २००९।०११ को जनगणनामा पनि गरिएको थियो ।

२००९।०११ मा भाषाको सम्वन्धमा विशेष गरि तराईमा आफुले वोलेको भाषाको नाम जान्ने मानिस वहुत कम पाइएकाले तराईमा मातृभाषा लेख्दा देहाती भाषाले लेखिइ आयो जसलाइ पछि लगत केलाउदा भाषाको आधार लिई प्रादेशिक भाषाको रुपमा गरिएको थियो ।

२००९।०११ को जनगणना अनुसार ४८.७ प्रतिशत नेपाली भाषा भाषी मध्ये पूर्वी तराई ग्रामीण भाषा, पूर्व तराई ग्रामीण भाषा र मैथिली समेत गरि १६.८ प्रतिशत, तामाङ (लामा) ६.० प्रतिशत, नेवारी भाषा ४.७ प्रतिशत, थारु भाषा ४.४ प्रतिशत, मगर भाषा ३.३ प्रतिशत, मध्य पश्चिम तराई ग्रामीण भाषा र सुदुर पश्चिम तराई ग्रामीण भाषा ४.४ प्रतिशत (पश्चिम तराईको भाषा अवधि भएता पनि २००९।०११ को गणनामा अवधि पनि नलेखाएकोले ग्रामीण भाषा पनि सारिणीबद्द भएको थियो ), राई किरात भाषा २.९ प्रतिशत, गुरुड. भाषा २.० प्रतिशत, लिम्वु भाषा १.८ प्रतिशत, हिन्दु भाषा १.० प्रतिशत र अरु भाषा चाही एक प्रतिशत भन्दा घटी थियो । यस गणना अनुसार नेपाल अधिराज्यमा नेपाली ५१.० प्रतिशत, मैथीली १२.० प्रतिशत, भोजपुरि ६.१ प्रतिशत, तामाङ ५.५ प्रतिशत, अवधि ४.७ प्रतिशत, थारु भाषा ४.३ प्रतिशत, नेवारी ४.० प्रतिशत, मगर २.७ प्रतिशत, राई किरात भाषा २.६ प्रतिशत, गुरुड. भाषा १.७ प्रतिशत र लिम्वु १.५ प्रतिशत छन् । अरु भाषा एक प्रतिशत भन्दा धटी छन् ।

नेपाल अधिराज्यमा यस गणना अनुसार ३६ प्रकारका मातृभाषाको वर्गीकरण भएको छ । विभिन्न मातृभाषा वोल्ने जनसंख्याको क्रम अनुसार एक प्रतिशत भन्दा घटी भएका क्रमश : भोटे, शेर्पा, मोरङ्ग प्रदेशको स्थानिय भाषा राजवंसी, सतार, सुनुवार, दनुवार, संथाली, वंगाली, चेपाङ्ग, झांगर, थामी, धिमाल, मारवाडी, माझी, थकाली, पहरी, हिन्दी, जिरेल, उर्दू, कुमाल, दराई, लाप्चे, मेचे, राजी, उडिया आदि भाषा छन् । जम्मा मध्ये ३.९ प्रतिशतमा यी भाषाहरु मिसाउदा पुग्दछन् ।

एक प्रतिशत भन्दा वढी भएका मातृभाषाको विवरण प्रदेश अनुसार निम्न प्रकारको छ ।

**तालिका नं. ६:- प्रदेश अनुसारको मातृभाषाको (प्रतिशतमा)**

| प्रदेश | जम्मा | मातृभाषा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | मैथिली | | भोजपुरी | | तामाङ्ग | | अवघी | |
| | | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ |
| नेपाल | १००.० | ४८.७ | ५१.० | १६.८ | १२.० | ०.२ | ६.१ | ६.० | ५.५ | ४.४ | ४.७ |
| पूर्व पहाड | १००.० | ५१.३ | ५७.३ | – | – | – | - | १४ | १३.० | – | – |
| पूर्व भित्री मधेश | १००.० | ५५.८ | ५२.५ | १.३ | – | – | - | १४.५ | १४.६ | – | – |
| पूर्व तराई | १००.० | ४.४ | ६.६ | ७६.४ | ५१.० | ०.९ | २६.० | ०.९ | ०.९ | ५.९ | – |
| काठमाडौं उपत्यका | १००.० | ३९.३ | ४१.१ | – | – | – | - | ४.७ | ५.१ | – | – |
| पश्चिम पहाड | १००.० | ८२.६ | ८५.१ | – | – | – | - | ३.५ | ३.५ | – | – |
| मध्य भित्री मधेश | १००.० | ३७.९ | ४७.३ | ०.१ | – | – | ०.३ | ३३.२ | ३१.४ | ०.३ | – |
| पश्चिम भित्री मधेश | १००.० | ३६.५ | ३९.३ | – | – | – | - | – | – | – | – |
| पश्चिम तराई | १००.० | २.० | २.८ | – | ०.२ | – | - | – | – | ७४.१ | ९०.० |
| सुदूर पश्चिम तराई | १००.० | ३.३ | ४.७ | – | – | – | - | – | – | – | ३१.९ |

तालिका नं. ६:- प्रदेश अनुसारको मातृभाषाको (प्रतिशतमा) क्रमशः ।

| प्रदेश | जम्मा | मातृभाषा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थारु | | नेवारी | | मगर | | राई किरात | | गुरुङ्ग | | लिंवु | |
| | | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ | ०९-०११ | ०१८ |
| नेपाल | १००.० | ४.४ | ४.३ | ४.७ | ४.० | ३.३ | २.७ | २.९ | २.६ | २.० | १.७ | १.८ | १.५ |
| पूर्व पहाड | १००.० | – | – | ४.५ | ३.४ | ३.० | २.२ | १२.९ | ११.५ | ०.५ | ०.४ | ८.५ | ७.३ |
| पूर्व भित्री मधेश | १००.० | ५.६ | ५.९ | १.९ | १.८ | १२.७ | १३.० | ६.४ | ७.६ | – | – | – | – |
| पूर्व तराई | १००.० | १.४ | ४.० | ०.४ | ०.६ | ०.७ | ०.७ | ०.२ | ०.३ | – | – | – | ०.१ |
| काठमाडौं उपत्यका | १००.० | ०.९ | – | ५५.० | ५२.१ | ०.२ | ०.१ | – | – | ०.१ | ०.१ | – | – |
| पश्चिम पहाड | १००.० | – | ०.८ | १.७ | १.१ | ५.७ | ४.६ | – | – | ४.५ | ४.१ | – | – |
| मध्य भित्री मधेश | १००.० | ११.७ | १०.० | ५.२ | ५.५ | २ | ०.८ | – | ०.६ | १.० | ०.५ | – | – |
| पश्चिम भित्री मधेश | १००.० | ५६.८ | ६०.५ | – | ०.१ | ०.१ | – | – | – | – | – | – | – |
| पश्चिम तराई | १००.० | १९.७ | ५.९ | ०.५ | ०.६ | ०.२ | ०.१ | – | – | ०.१ | ०.१ | – | – |
| सुदूर पश्चिम तराई | १००.० | ६३.७ | ६२.८ | ०.५ | – | – | – | – | – | – | – | – | – |

उपरोक्त तालिका अनुसार सम्पूर्ण अधिराज्यमा बोलिने भाषा नेपाली छ । यो भाषा बोल्ने प्रत्येक प्रदेशमा छन् । यस्तो किसिमको प्रत्येक प्रदेशमा बोल्ने भाषामा दोस्रो स्थान नेवारी भाषाको छ । केबल सुदूर पश्चिम तराईमा नेवारी भाषा प्रचलनमा छैन । तर जनसंख्या अनुसार सर्वप्रथम स्थान नेपालीको नै छ र त्यसपछि मैथली भाषाको स्थान छ । ०९।०११ र ०१८ को तुलनात्मक अध्ययनबाट ०९।०११ भन्दा ०१८ मा मैथलीको प्रतिशत विवरण कम देखिन्छ । यसको मुख्य कारण यही छ कि मैथली भाषालाई मध्य पूर्वी तराई ग्रामीण भाषा र पूर्व तराई ग्रामीण भाषा भनी दुई भागमा विभाजित गरी ००९।०११ मा प्रकाशन हुनु । यसतो गर्दा भोजपुरी भाषा पनि उपरोक्त दुई बिभाजनमा गाभिन गएको हुन सक्दछ । त्यस्तै पश्चिम तराई र सुदूर पश्चिम तराईको हकमा पनि अवधि भाषाको उल्लेख नभई मध्य पश्चिम तराई र ग्रामीण भाषा र सुदूर पश्चिम तराई ग्रामीण भाषा भनि सारिणीकरण भएको हुनाले ००९।०११ र ०१८ को प्रतिशत बिवरणमा घटीबढी हुन गएको देखा पर्दछ ।

२००९।०११ को जनगणनामा ०१८ को गणनामा झैं पश्चिम तर्फका पहाडको ‘पश्चिम पहाड’ र ‘सुदूर पश्चिम पहाड’ भनी दुई भागमा बिभाजन गरिएको थिएन । अतः यस तालिकामा पश्चिम पहाड मै सुदूर पश्चिम पहाडको समाबेश गरिएको छ । समाबेश पनि, पूर्व गणनामा संगृहित भाषा सम्बन्धि तथ्याङ्क सामाग्रीबाट अलग गर्न कठिन भएकोले, गर्नु परेको हो ।

## नागरिकता

नागरिकता सम्बन्धि प्रश्न यो पहिलो पटक नै सोधनी गरिएको हो । ‘ जुन देशको (ऐन, नियम बमोजिम) नागरिक हुन्छ सोही बमोजिम नागरिकता जनिन्छ । जस्तो - नेपाल, भारत, चीन , बर्मा आदि देशको नागरिक । हाम्रै देशमा जन्म भई यहीं बसिरहेका सबै नेपाली नागरिक हुन् । अरु देशबाट आएकाहरुले जुन भन्दछन् उहि जनाउनु, जस्तो - तिब्बतीहरु भए चीन भनी लेख्नु । एक व्यक्ति दुई देशको नागरिक हुदैन,

एक मात्र नागरिकता यकिन गरी लेख्नु । नागरिकता नै थाहा नभए ‘न था’ भनि संकेत गर्नु ’ भनि परिभाषा गरिएको छ ।

सम्पूर्ण अधिराज्यमा ९८.८ प्रतिशत नेपाली र १.२ प्रतिशत बिदेशी नागरिक छन् ।

**तालिका नं. ७ :- नागरिकताको प्रतिशत प्रदेश अनुसार ।**

| नागरिकता | जम्मा | नेपाली | विदेशी |
|---|---|---|---|
| प्रदेश | | | |
| नेपाल | १००.० | ९८.८ | १.२ |
| पूर्व पहाड | १००.० | ९९.६ | ०.४ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | ०.० |
| पूर्व तराई | १००.० | ९८.१ | १.९ |
| काठमाडौं उपत्यका | १००.० | ९९.६ | ०.४ |
| पश्चिम पहाड | १००.० | १००.० | ०.० |
| सुदूर पश्चिम पहाड | १००.० | १००.० | ०.० |
| मध्य भित्री मधेश | १००.० | ९९.९ | ०.१ |
| पश्चिम भित्री मधेश | १००.० | ९९.९ | ०.१ |
| पश्चिम तराई | १००.० | ९०.७ | ९.३ |
| सुदूर पश्चिम तराई | १००.० | ९८.४ | १.६ |

उपरोक्त तालिका बमोजिम सबैभन्दा बढी बिदेशी नागरिक पश्चिम तराईमा र त्यसपछि क्रमशः पूर्व तराई र सुदूर पश्चिम तराईमा छन् । पूर्व भित्री मधेश, पश्चिम पहाड र सुदूर पश्चिम पहाडमा बिदेशी नागरिक नगन्य छन् ।

जम्मा बिदेशी नागरिकको प्रतिशत, उनीहरुको नागरिकता, प्रदेश अनुसार बितरण भएको ब्यहोरा तलको तालिकाले स्पष्ट गर्दछ ।

तालिका नं. ८ :- बिदेशी नागरिकको नागरिकता (प्रतिशतमा प्रदेश अनुसार) ।

| विदेशी नागरिक | नागरिकता | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | भारत | चीन अन्तर्गत तिव्वत क्षेत्र | पाकिस्तान | अन्य | नखु . |
| नेपाल | १००.० | ६९.३ | ६.८ | ०.५ | ०.१ | २३.३ |
| पूर्व पहाड | १००.० | ०.९ | ८७.३ | – | ०.२ | ११.६ |
| पूर्व भित्री मधेश | १००.० | २.८ | – | – | – | ९७.२ |
| पूर्व तराई | १००.० | ७४.० | – | ०.९ | ०.१ | २५ |
| काठमाडौं उपत्यका | १००.० | १५.८ | २.५ | ०.१ | ०.१ | ८१.५ |
| पश्चिम पहाड | १००.० | ११.२ | ३७.७ | – | १.२ | ४९.९ |
| सुदूर पश्चिम पहाड | १००.० | १५.० | ४८.८ | – | – | ३६.२ |
| मध्य भित्री मधेश | १००.० | ५९.० | ०.५ | – | – | ४०.५ |
| पश्चिम भित्री मधेश | १००.० | ९२.९ | ०.९ | – | – | ६.२ |
| पश्चिम तराई | १००.० | ७९.३ | – | – | – | २०.७ |
| सुदूर पश्चिम तराई | १००.० | ८६.७ | – | ०.१ | – | १३.२ |

उपरोक्त तालिका बमोजिम प्रत्येक प्रदेशमा बिदेशी नागरिकहरुको नागरिकता खुली नआएको देखिन्छ । पूर्व भित्री मधेशमा सबैभन्दा बढी संख्यामा र त्यसपछि काठमाडौं उपत्यकामा नागरिकता खुली नआएको देखिन्छ । भारतीय नागरिक प्रत्येक प्रदेशमा छन् । चीनको नागरिक सबैभन्दा बढी पूर्व पहाडमा र त्यसपछि क्रमशः सुदूर पश्चिम पहाड, पश्चिम पहाड र काठमाडौं उपत्यकामा छन् । खासगरी तिब्बतीहरु शरणार्थीको रुपमा आएकाबाट यस्तो पर्न आएको हो ।

## जन्मस्थल

जन्मस्थल सम्वन्धी प्रश्न पनि पहिलो पटक यसै जनगणनामा सोधिएको हो । जन्मस्थल भनेको मानिस जन्मेको ठाउँ हो । मानिस जन्मेको ठाउँ देश भित्र भए स्वदेशमा र अर्को देशमा भए विदेशमा जन्मेका भनि जन्मस्थलको परिभाषा गरिएको छ । फारम भर्न निमित्त गणकहरुलाई दिइएको निर्देशनमा स्वदेशमा जन्मेको भए हाल वसेको जिल्लामै जन्मेको भए उही भनी लेख्नु अर्को जिल्लामा जन्मेको भए जिल्लाको नाम लेख्नु । यसमा गाउँको नाम चाही लेख्नु हुन्न जिल्ला पता लगाई लेख्नु पर्दछ यदि विदेशमा जन्मेको भए जन्म भएको देशको नाम लेख्नु पर्दछ शहर वा  जिल्लाको नाम लेख्नु हुन्न वम्वइ,पटना, देहरादुन,कलकता आदि लेख्नु हुन्न । भारत भनी देशको नाम लेख्नु । भारत, पाकिस्तान, चीन, वर्मा, मलाया आदि देशका नाम हुन । कुनै मानिसले जन्मेको देश वा ठाउँ थाहा नभएका स्वदेशमा भए स्वदेशको महलमा र विदेशमा भए विदेशको महलमा  (न था ) भनि संकेत गर्नु ।

सम्पूर्ण जनसंख्यामा ९६.४ प्रतिशत स्वदेशमा र ३.६ प्रतिशत विदेशमा जन्मेका पाइयो प्रदेश अनुसारको स्थिति निम्न तालिका वाट स्पष्ट हुने छ ।

तालिका नं. ९ :- उपस्थित जनसंख्याको जन्मस्थल (प्रतिशतमा) प्रदेश अनुसार ।

| प्रदेश | जन्मस्थल | | |
|---|---|---|---|
| | जम्मा | स्वदेश | विदेश |
| नेपाल | १००.० | ९६.४ | ३.६ |
| पूर्व पहाड | १००.० | ९९.५ | ०.५ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | ०.० |
| पूर्व तराई | १००.० | ९०.२ | ९.८ |
| काठमाडौं उपत्यका | १००.० | ९९.५ | ०.५ |
| पश्चिम पहाड | १००.० | ९९.६ | ०.४ |
| सुदूर पश्चिम पहाड | १००.० | ९९.८ | ०.२ |
| मध्य भित्री मधेश | १००.० | ९९.७ | ०.३ |
| पश्चिम भित्री मधेश | १००.० | ९८.६ | १.४ |
| पश्चिम तराई | १००.० | ८०.४ | १९.६ |
| सुदूर पश्चिम तराई | १००.० | ९३.७ | ६.३ |

उपरोक्त तालिका वमोजिम विदेशमा जन्मेका सवभन्दा बढी पश्चिम तराईमा १९.६ प्रतिशत र त्यसपछि पूर्व तराईमा ९.७ प्रतिशत छन् । पूर्व भित्री मधेशमा विदेशमा जन्मेकाहरु नगन्य छन् ।

जम्मा विदेशमा जन्मेकाहरुको जन्मेको देश वमोजिम प्रदेश अनुसार प्रतिशत विवरण निम्न तालिका वाट स्पष्ट हुन्छ ।

तालिका नं. १० :- विदेशमा जन्म भएकाको प्रतिशत जन्मेको देश तथा प्रदेश वमोजिम ।

| जन्मस्थल | विदेशमा जन्मेकाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | भारत | पाकिस्तान | चीन अन्तर्गत तिव्वत क्षेत्र | वर्मा | मलाया | अन्य | नखु . |
| नेपाल | १००.० | ९६.० | ०.७ | २.४ | ०.३ | ०.५ | ०.१ | – |
| पूर्व पहाड | १००.० | २६.५ | – | ६९.६ | ०.३ | ३.३ | ०.३ | – |
| पूर्व भित्री मधेश | १००.० | ७३.३ | – | – | ४.२ | २०.० | – | २.१ |
| पूर्व तराई | १००.० | ९९.० | ०.६ | – | ०.१ | ०.१ | ०.१ | ०.१ |
| काठमाडौं उपत्यका | १००.० | ८०.७ | ०.४ | १४.१ | ३.१ | ०.४ | १.३ | – |
| पश्चिम पहाड | १००.० | ७९.० | ०.४ | ४.७ | ४.१ | १०.९ | ०.८ | ०.१ |
| सुदूर पश्चिम पहाड | १००.० | ८३.६ | – | १२.३ | २.१ | १.८ | ०.२ | – |
| मध्य भित्री मधेश | १००.० | ९२.३ | १.५ | ०.४ | ३.८ | १.८ | ०.२ | – |
| पश्चिम भित्री मधेश | १००.० | ९९.४ | ०.४ | – | – | ०.२ | - | – |
| पश्चिम तराई | १००.० | ९९.८ | – | – | ०.१ | ०.१ | - | – |
| सुदूर पश्चिम तराई | १००.० | ९९.९ | ०.१ | – | – | – | – | – |

उपरोक्त तालिका वमोजिम विदेशमा जन्मेकाहरु मध्ये ९६.० प्रतिशत व्यक्तिको जन्म भारतमा भएको र त्यसपछि चीनमा भएको देखिन्छ । चीनमा जन्म लिने व्यक्ति सवभन्दा बढी पूर्व पहाडमा छन् । मलाया र वर्मामा जन्म लिने सवभन्दा बढी पूर्व भित्री मधेशमा र त्यसपछि पश्चिम पहाडमा पाइयो ।

<u>स्वदेशमा जन्मेकाको जन्मस्थल</u>

व्यावाहारिक रुपमा वसोवास गरेको प्रदेशका व्यक्तिको जन्म कुन प्रदेशमा भएको छ र त्यसको के स्थिति छ तलको तालिकाले स्पष्ट गर्दछ ।

तालिका नं. ११:- स्वदेशमा जन्मेकाको जन्मस्थल प्रदेश अनुसार (प्रतिशतमा)

| जन्मस्थल | जन्म भएका प्रदेश | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | सोहि जिल्ला | पूर्व पहाड | का. उ. | प. प | सु प प. | पू भि म. | म भि म. | प भि म. | पू. त. | प. त. | सू. प त. | नखु. |
| नेपाल | १००.० | ९५ | १.१ | ० | १ | ० | ० | – | ० | १ | ० | ०.१ | १.० |
| पूर्व पहाड | १००.० | ९७ | १.१ | ० | ० | – | – | – | – | ० | – | – | १ |
| पूर्व भित्री मधेश | १००.० | ९७ | २.२ | ० | – | – | ० | – | – | ० | – | – | ० |
| पूर्व तराई | १००.० | ९१ | २.६ | ० | ० | – | १ | ० | – | ३.० | ० | – | २ |
| काठमाडौं उपत्यका | १००.० | ८८ | ३.१ | ४ | २ | ० | – | ० | – | ० | – | – | २ |
| पश्चिम पहाड | १००.० | ९८ | – | ० | २ | ० | – | – | – | – | – | – | ० |
| सुदूर पश्चिम पहाड | १००.० | ९९ | – | – | ० | १ | – | – | ० | – | – | – | ० |
| मध्य भित्री मधेश | १००.० | ८७ | १.२ | २ | ७ | – | – | ० | – | ० | १ | – | २ |
| पश्चिम भित्री मधेश | १००.० | ९५ | – | ० | ० | ३.० | – | – | १ | – | ० | – | ० |
| पश्चिम तराई | १००.० | ९६ | ०.१ | ० | २ | ० | – | – | ० | ० | ० | ०.१ | १ |
| सुदूर पश्चिम तराई | १००.० | ८८ | ०.१ | ० | ० | १ | – | – | ६ | ० | ० | १.७ | २ |

उपरोक्त तालिकाबाट कुनै खास जिल्लामा जन्मी उसै जिल्लामा वसोवास गरेको व्यक्तिहरु ९५.३ प्रतिशत र सोही प्रदेशको अन्य जिल्ला वा अन्य प्रदेशमा जन्म लिई त्यसै जिल्लामा वसोवास गर्ने व्यक्तिहरु ५.७ प्रतिशत देखिन्छन् ।

पूर्व पहाडको जम्मा जनसंख्या मध्ये ९७.९ प्रतिशत व्यक्तिहरुले आफु जन्मेकै जिल्लामा वसोवास गरेको पाइन्छन् । उक्त प्रदेशमा आफु जन्मेको जिल्लामा नवसि उसै प्रदेश अन्तरगत अन्य जिल्लामा वसोवास गरेको व्यक्तिहरु प्रतिशत देखिन्छन् । अन्य प्रदेशमा जन्म लिई पूर्व पहाडमा वसोवास गर्ने व्यक्तिहरु एक प्रतिशत भन्दा घटी देखिन्छन् । काठमाडौं उपत्यकामा ८७.९ प्रतिशत व्यक्तिहरु जन्म लिएको जिल्लामा नै वसोवास गरेको पाइन्छन् । पूर्व पहाडमा ३.१ प्रतिशत काठमाडौं उपत्यकाको अन्य जिल्लामा ४.४ प्रतिशत पश्चिम पहाडमा १.७ प्रतिशत जन्म लिएका व्यक्तिहरु उपत्यकामा वसोवास गरेको पाइन्छन् । त्यस्तै मध्य भित्री मधेशमा ८६.९ प्रतिशत व्यक्तिहरु जन्म लिएको जिल्लामा नै वसोवास गरेका छन् । पूर्व पहाडमा १.२ प्रतिशत काठमाडौं उपत्यकामा १.९ प्रतिशत पश्चिम पहाडमा ७.४ प्रतिशत जन्म भएका व्यक्ति मध्ये भित्री मधेशमा वसोवास गरेका छन् । जन्म भएको ठाउँमा वसोवास नगरी अन्यत्र वसोवास गरेको कुराले मानिसको आन्तरिक गतिशिलता (internal mobility of human beings) को वारे केही प्रकाश पार्न सक्दछ ।